शितगंगा नगरपालिका को मिति २०७५/८/१३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. समपुरक कोषको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।

२. प्रदेश सरकारसँग समपुरक कोष (म्याचिङ्ग) मा संचालन गर्ने योजना छनौट सम्बन्धमा ।

३. वडा स्तरिय अनुगमन समिति गठन सम्बन्धमा ।

निर्णयहरू

१. समपुरक कोषको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।

गत आ.व.मा वित्तिय समानिकरण अनुदान तर्फ बचत रहेको रकम रू २३७२८२६१/- मध्येबाट समपुरक कोषको लागि रू १,७५,००,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

२. प्रदेश सरकारसँग समपुरक कोष (म्याचिङ्ग) मा संचालन गर्ने योजना छनौट सम्बन्धमा ।

प्रदेश सरकार ५ नं. प्रदेशको चालु आ.व.को नीति अनुसार ५०/५० प्रतिशत लगानीमा यस नगरपालिकाको समपुरक (म्याचिङ्ग) कोषबाट तपशिलका योजनाहरू संचालन गर्ने र सो कार्यको लागि संलग्न लागत अनुमान अनुसारको रकममा आधा रकम प्रदेश सरकार सँग माग गर्ने निर्णय गरियो ।

तपशिल

१. भेडामारे- सिमलपानी- पावरा- विक्रम सडक रू ५००००००/-

२. बसपार्क निर्माण ठाडा रू २५००००/-

३ कोल पखेरे खानेपानी योजना रू २५०००००/-

४. देउराली ऐरावती सडक रू २५०००००/-

५. बसपार्क निर्माण ठाडा रू २५००००/-

५.ठाडा अमराई जुकेना जलुके लामाताल वढिदमार हुदै भालुवाङ्ग सडक रू ५००००००/-

३. वडा स्तरिय अनुगमन समिति गठन सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाबाट संचालन हुने योजनाहरूको वडा स्तरमा अनुगमन गरी सो को प्रतिवेदन पेश गर्न तपशिल अनुसारको वडा स्तरिय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशलि

संयोजक संम्बन्धित वडाको वडा अध्यक्ष- १<br>
सदस्य सम्बन्धित वडाका नगर कार्यपालिकाका सदस्य- १<br>
सदस्य सम्बन्धित वडाको वडा सदस्यहरू -४<br>
सदस्य सचिव वडा सचिव -१

शितगंगा नगरपालिका को मिति २०७५/८/२४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. शिक्षा सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हान गर्ने सम्बन्धमा ।

२. आन्तरिक श्रोत तर्फ प्रथम नगर सभाबाट विनियोजन भएका योजना संचालन सम्बन्धमा ।

३. सडक मर्मत सुधारको रकम भुक्तानी सम्बन्धमा ।

४. समपुरक कोष रकम सम्बन्धमा ।

निर्णयहहरू

१. शिक्षा सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हान गर्ने सम्बन्धमा ।

चालु आ.व.को सशर्त अनुदान तर्फ यस नगरपालिकालाई प्राप्त शिक्षाको कार्यक्रम तथा बजेटमा उल्लेखित माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा ब्यवस्थापन (फिक्सीङ्, किताव खरिद तथा इ पुस्तकालय समेत) अनुदान, शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग (कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्ट तथा सामाग्री खरिद) का लागि अनुदान, माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान एवं पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण कार्यक्रमहरू वितरण गर्न विद्यालयहरूबाट प्रस्ताव आव्हान गरि सो प्रस्तावको आधारमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम गर्ने गराउने निर्णय गरियो ।

२. आन्तरिक श्रोत तर्फ प्रथम नगर सभाबाट विनियोजन भएका योजना संचालन सम्बन्धमा ।

आन्तरिक श्रोत तर्फबाट कार्यान्वयन गर्ने गरी प्रथम नगर सभाबाट रकम विनियोजन भएको तर आन्तरिक श्रोत तर्फ लक्ष्य अनुसार रकम संकलन नभएको तथा रोयल्टी बापत प्राप्त हुने रकम जिल्ला समन्वय समितिबाट प्राप्त नभएको कारण संचालन हुन बाँकी रहेका निम्न योजनाहरूलाई आ.व. ०७५/०७६ को आन्तरिक श्रोत तथा मालपोतबाट प्राप्त हुने राजश्व बाँडफाडँ बापत प्राप्त हुने रकमबाट संचालन गर्ने निर्णय गरियो

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रू हजारमा |
|---|---|---|
| १ | वाणगंगा नदी क्षेत्र प्रभावित क्षेत्र विकास कार्यक्रम वडा नं. १४ | १८०० |
| २ | सिलिङ्खोला प्रभावित क्षेत्र विकास कार्यक्रम वडा नं. ८ र ९ | २५० |
| ३ | खोरमोरखोला प्रभावित क्षेत्र विकास कार्यक्रम वडा नं.१४ | ६०० |
| ४ | कोन्द्रेखोला प्रभावित क्षेत्र विकास कार्यक्रम वडा नं.१२ | २४० |
| ५ | राप्ती जलुके नदी प्रभावित क्षेत्र विकास कार्यक्रम वडा नं. ७ मा रू १ लाख र ८ मा रू.४ लाख | ५०० |
| ६ | जरिकुना शान्तीटोल वाणगंगा प्रा.वि. विक्रम मोटरबाटो वडा नं. १४ | २०० |
| ७ | चुरेटोला बाटो मर्मत | २०० |
| ८ | हिलेखोला रजिया ग्राभेल मोटरबाटो | ३०० |
| ९ | नेवारे निपाने सिचाई योजना वडा नं. १२ | २५० |
| १० | धारा काउले मोटरबाटो वडा नं. १ | २०० |
| ११ | शहीद स्मृती भवन बाटो ठाडा | २०० |
| १२ | गौरीकुण्ड खा.पा. मुहान जाने बाटो | १५० |
| १४ | विभिन्न योजना मर्मत सुधार | १५०० |
| १५ | प्राथमिक स्वास्थ्य केन्द्र ठाडा अनुदान | ५०० |
| १७ | फडेलका रूख पधेरो मर्मत | १०० |
| १८ | अमरेश्वर शिव मन्दिर आश्रम | ३०० |

| | | |
|---|---|---|
| १९ | वालकल्याण नि.मा.वि. तारवार जलुके | २०० |
| २० | वडाचिदी टंकी तथा मुल संरक्षण | २८० |
| २१ | अमराई खानेपानी मर्मत | २०० |
| २२ | रजिया लिफ्टिङ्ग खा.पा. मर्मत | १०० |
| २३ | सरस्वती मा.वि. श्रोत केन्द्र व्यवस्थापन तथा फर्निचर | १०० |
| २४ | डिही आधारभुत विद्यालय | १५० |
| २५ | सार्वजनिक चर्पि मर्मत अमराई | २०० |
| २६ | संचार क्षेत्र सहयोग कार्यक्रम | ३०० |
| २७ | अमराई खेल मैदानको चर्पि मर्मत | १०० |
| २८ | नगर विकास कार्यालय व्यवस्थापन | ३०० |
| २९ | ठाडा डमरुदह ढुंगा खरिद | ५०० |
| ३० | सार्वजनिक सुनुवाइ | ३०० |
| ३१ | संचार प्रवर्द्धन | १०७ |
| ३२ | बस/जीप पार्क निर्माण (व्यवस्थापन) | १५०० |
| ३३ | डम्पिङ्ग साईट व्यवस्थापन | १००० |
| ३४ | वडा स्तरीय खेल मैदान निर्माण | १००० |
| | **सवै जम्मा** | १३५२७ |

३. सडक मर्मत सुधारको रकम भुक्तानी सम्बन्धमा ।

तेस्रो नगर सभाबाट विभिन्न सडक योजनाहरू मर्मत सुधार तथा स्तरोन्नतीको लागि रकम विनियोजन भएकोमा वर्षाद समाप्त भएपछी विजया दशमी अगाडी सडक मर्मत गरी सडक सूचारू बनाउदा खर्च भएको रकम सम्बन्धित सडक योजनाको लागि विनियोजन भएको रकमबाट उपभोक्ता समितिहरूलाई भुक्तानी गरी बाँकी रकमको पूर्व निर्णय अनुसार सडक स्तारोन्नती गर्ने कार्य ठेक्का पट्टाको माध्यमबाट गर्ने निर्णय गरियो ।

४. समपुरक कोष रकम सम्बन्धमा ।

मिति २०७५/८/१३ गतेको बैठकको निर्णय नं. २. मा प्रदेश सरकारसँग समपुरक कोष (म्याचिङ्ग) बाट संचालन गर्ने गरी विभिन्न योजनाहरूको लागि रकम विनियोजन भएकोमा तेस्रो नगरसभाबाट रकम विनियोजन भएका योजनाहरूको लागि सम्बन्धित योजनामा नै रहेको रकमलाई समपुरक कोष (म्याचिङ्ग) मा लगानी गर्ने र रकम नपुग हुनेको लागि अन्य म्याचिङ्ग/खा.पा. म्याचिङ्ग शिर्षकमा रहेको रकमबाट लागानी गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका को मिति २०७५/८/६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. नगर सभाबाट स्वीकृत योजनाहरू संसोधन सम्बन्धमा ।

२. कन्टिन्जेन्शी रकम खर्च सम्बन्धमा ।

३. प्राकृतिक श्रोत उपयोग गर्ने सम्बन्धमा ।

४. नदीजन्य पदार्थ ठेक्का व्यवस्थापन तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन सम्बन्धमा ।

५. नदीजन्य पदार्थको अनुगमन समिति गठन सम्बन्धमा ।

६. कर्मचारी समायोजन सम्बन्धमा ।

७ खानेपानीका मोटर मर्मत सम्बन्धमा ।

८. सडकको डिपिआर सम्बन्धमा ।

९ अन्य निकायबाट निर्माणाधिन योजना सम्बन्धमा ।

१०. मोटरेवल पुल निर्माण माग गर्ने सम्बन्धमा ।

११. शितगंगा नगरपालिकाको पर्यटन गुरू योजना निर्माण सम्बन्धमा ।

१२. डिजिटल नापी माग गर्ने सम्बन्धमा ।

१३. पूर्व निर्णय पुनः संसोधन सम्बन्धमा ।

१४. गत आ.व.को वित्तिय समानीकरण अनुदान तर्फ बचत रकम बाँडफाँड सम्बन्धमा ।

१५. सडकको डिपिआर निर्माण सम्बन्धमा ।

निर्णयहहरू

१. नगरसभाबाट स्वीकृत न.पा/वडा तर्फ तपशिल बमोजिमका योजनाहरू संसोधनको लागि वडा समितिको बैठकबाट निर्णय गराई पेश भएकोमा वडा समितिको बैठकको निर्णय समेतका आधारमा तपशिल बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

वडा नं. १२

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| कोन्द्रे खोला प्रभावित क्षेत्र विकास कार्यक्रम | २४०००० | माथिल्लो चुरेटोल, पुरानो सडक कालोपत्रे गर्न | १००००० |
| | | कन्या आधारभुत विद्यालय गेट निर्माण | ७०००० |
| | | शान्ती आधारभुत विद्यालय मर्मत | ७०००० |
| जम्मा | २४०००० | | २४०००० |

वडा नं. १

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| जाडीखोला पिपलनेटा बाहुन्दी सिंचाई योजना | २५०००० | जाडीखोला पिपलनेटा बाहुन्दी सिंचाई योजना | २००००० |
| | | आपचौर जाडी कृषि सडक | ५०००० |
| सुवर्णखाल स्वास्थ्य चौकी संरक्षण | ३५०००० | हल्दे गाउघर क्लिनिक | १००००० |
| | | २४ घण्टे प्रशुती सेवा संचालन | १००००० |
| | | स्टेचर खरिद | ५०००० |
| | | सुवर्णखाल स्वास्थ्य चौकी संरक्षण | १००००० |
| जम्मा | ६००००० | जम्मा | ६००००० |

वडा नं. ८

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| लाहापे मा.वि बृक्षारोपण तथा तारवार | १००००० | लाहापे मा.वि कम्पाउण्ड वाल | १००००० |
| बालज्योति प्रा.वि. तारवार | १००००० | बालज्योति प्रा.वि कम्पाउण्ड वाल | १००००० |
| कान्छीरोड चौपारी काला सिद्ध मन्दिर सम्म मो.वा. स्तरोन्ती | ४००००० | कान्छीरोड प्रगती टोल सडक नाली निर्माण | ४००००० |
| जम्मा | ६००००० | जम्मा | ६००००० |

वडा नं. २

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| सुपा पुलमाथि चेकड्याम निर्माण | ४८०००० | सरस्वती मा.वि. कार्यालय ब्यवस्थापन फर्निचर खरद | १००००० |
| | | पातलटोल सुपा गुफा सम्म मो.वा. | २००००० |
| | | मुलावारी छेडा देखि ठूलढुङ्गा सम्म मो.वा. | ८०००० |
| | | घुम्ती घोरवन्दा मो.वा. स्तरोन्नती | १००००० |
| शैक्षिक सामाग्री खरिद | २००००० | बाल विकास केन्द्र ब्यवस्थापन | २००००० |
| जम्मा | ६८०००० | जम्मा | ६८०००० |

वडा नं. १०

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना कार्यक्रम | रकम |
|---|---|---|---|
| जनजागृती विद्यालय तारवार | २००००० | जनजागृती विद्यालय कम्पाउण्ड वाल | २००००० |
| सुबोधिनी विद्यालय तारवार | १५०००० | सुबोधिनी विद्यालय कम्पाउण्ड वाल | १५०००० |
| जनता विद्यालय तारवार | १००००० | जनता विद्यालय गेट निर्माण | १००००० |
| काठेखोला तल्लो खा.पा.योजना | १५०००० | काठेखोला विद्युतिकरण योजना | १५०००० |
| चाक्ला वर्रे सामकोट सडक | ३००००० | नह खा.पा. मर्मत | ५०००० |
| | | नहउनाथ पाल्ले झाते मो.वा. | ५०००० |
| | | हर्रे गवदे मो.वा. | २००००० |
| माझिगाउ हर्रे खेलमैदान निर्माण | १००००० | सिद्धारा पधेरो मर्मत | ५०००० |
| | | बर्रे कालिका मन्दिर मर्मत | ५०००० |
| जम्मा | १०००००० | जम्मा | १०००००० |

वडा नं. १३

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| मुसियान कागती नर्सरी अभियान | ५००००० | कागती मिसन तथा कृषक अनुदान | ५००००० |
| जम्मा | ५००००० | जम्मा | ५००००० |

वडा नं. ६

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| निलकण्ठ, धर्म, सिद्धार्थ, कल्याण आधारभुत विद्यालय मर्मत सुधार | २००००० | निलकण्ठ, कर्म, सिद्धार्थ, कल्याण आधारभुत विद्यालय फर्निचर खरिद | २००००० |
| मर्मत संभार कोष | ६००००० | वोहखर वंसागर मो.वा. मर्मत | १५०००० |
| | | चिसापानी शिवादह मो.वा. निर्माण | १५०००० |
| | | खानेपानी पाईप खरिद | २००००० |
| | | पूर्ण सरसफाई सम्बन्धि चेतना मुलक कार्यक्रम | ५०००० |
| | | भलिवल खेलकुद | ५०००० |

| | | | |
|---|---|---|---|
| जम्मा | ८००००० | जम्मा | ८००००० |

वडा नं. ३

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| बाणगंगेश्वर शिवालय शौचालय निर्माण | १००००० | बजारटोला खानेपानी योजना मर्मत | १००००० |
| चिदेरी कुलो मर्मत | ५०००० | खानेपानी पाईप खरिद | ५०००० |
| सहरी स्वास्थ्य क्लिनिक भवन निर्माण | ३००००० | कैलासे टाकुरा मोटर बाटो | ३००००० |
| कैलासे दुर्गा मन्दिर निर्माण | ५०००० | मुलखोला खानेपानी योजना | ५०००० |
| जम्मा | ५००००० | जम्मा | ५००००० |

वडा नं. ६

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| गगटे सिस्ने विद्युतिकरण योजना | ८००००० | लोरी वडा कार्यालय अधुरो भवन निर्माण | ४००००० |
| | | रागाकाटे कसेरी गासेथरी साखिने असारे विसमुरे पलासे वरेनी कुवा मर्मत पाईप तथा चापाकल खरिद | २००००० |
| | | आकासे सिंचाई योजना | १००००० |
| | | रातामाटा वडा स्तरीय खेल मैदान | १००००० |
| जम्मा | ८००००० | जम्मा | ८००००० |

वडा नं. ७

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरिए कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| विभिन्न संरचना मर्मत कोष तथा म्याचिङ्ग | | वडा प्रतिक्षालय तथा फिल्ड ग्याविन, मसानघाट प्रतिक्षालय, जुवाकोट प्रतिक्षालय, टावर भवन मर्मत | २७५००० |
| | | ऐरावती आ.वि. फर्निचर खरिद | ८५००० |
| शिक्षण तालिम कार्यक्रम | १००००० | शैक्षिक सामाग्री वितरण कार्यक्रम | १००००० |

| | | | |
|---|---|---|---|
| जुठेल्ना तथा फोहोर संकलन खाडल निर्माण | १५०००० | सरसफाई सम्बन्धि जनचेतना मुलक कार्यक्रम | १५०००० |
| कृषि सिंचाई अनुदान | २००००० | टुनिपाटा मुहान जुवाकोट सिंचाई टंकी निर्माण | १००००० |
| | | मसिलेचौर भुसुने कुलो बाध मर्मत | १००००० |
| जलुके लामाताल खा.पा. र सिंचाई | १०००००० | लामाताल रिङ्गरोड ग्राभेल | १०००००० |
| जम्मा | १८२०००० | जम्मा | १८२०००० |

२. कन्टिन्जेन्शी रकम खर्च सम्बन्धमा ।

तेस्रो नगर सभाबाट विभिन्न योजनाहरूको लागि रकम विनियोजन भई कार्यान्वयनको क्रममा रहेका र उक्त योजनाहरू ब्यवस्थित रूपमा संचालन गर्न कट्टा गरिने ३ प्रतिशत कन्टिन्जेन्शी रकमबाट अनुगमन खर्च, मोटर साईकल खरिद, कार्यालय ब्यवस्थान (संचालन) खर्च, वडा कार्यालय संचालन खर्च लगायतका आवश्यक शिर्षकमा नगर सभाबाट अनुमोदन हुने गरी खर्च गर्ने निर्णय गरियो ।

३. प्राकृतिक श्रोत उपयोग गर्ने सम्बन्धमा ।

यस नगरपालिका भित्र निजी जग्गाबाट ढुङ्गा, मिस्कट, माटो जस्ता प्राकृतिक श्रोत आफ्नो प्रयोग बाहेक नगरपालिका क्षेत्र भित्रको पूर्वाधार निर्माण तथा निजी संरचना निर्माणमा स-सानो परिमाणमा प्रयोग गर्दा नगरपालिकाको स्वीकृतीमा नियमानुसारको दस्तुर नगरपालिकामा बुझाई प्रयोग गर्न अनुमति दिने साथै चालु आ.व.मा नगरपालिकाबाट सडक निर्माण सुधारको लागि वजेट विनियोजन भएका सडकमा पर्ने ढुङ्गा कसैले आफ्नो निजी लगानीमा फोडी नगरक्षेत्र भित्र विक्री वितरण गर्न चाहेमा सम्बन्धित योजनाको उपभोक्ता समिति र वडाको सिफारीसमा नगरपालिकाले नियमानुसारको दस्तुर लिई उपयोग गर्न अनुमती दिने निर्णय गरियो ।

४. नदीजन्य पदार्थ ठेक्का ब्यवस्थापन तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको ब्यवस्था, प्रदेश बाट जरी भएको नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ मा भएको ब्यवस्था र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र बमोजिम यस नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी खोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परिक्षण गराई पेश भएका प्रतिवेदनहरू प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारीस समितिमा पेश तथा प्रस्तुतीकरण भई जिल्ला अनुगमन तथा ब्यवस्थापन समितिका संयोजक लगायतबाट स्थलगत रूपमा अनुगमन समेत भएकोमा उक्त प्रतिवेदनहरू यस कार्यापालिकाको आजको बैठकमा प्रस्तुत भयो । उक्त प्रतिवेदनहरू जिल्ला समन्वय समितिबाट स्वीकृत भएपश्चात प्रतिवेदनमा उल्लेखित परिमाणको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री वितरण तोकिएबमोजिमको प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का लगाउने निर्णय गरियो ।

५. नदीजन्य पदार्थको अनुगमन समिति गठन सम्बन्धमा ।

नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद १८ मा स्थानीय अनुगमन समिति गठन गरी अनुगमन र नियमन गर्ने ब्यवस्था रहेकोले उक्त अनुसार तपशिल बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**नगरस्तरीय अनुगमन समिति**

नगर प्रमुख - संयोजक

नगर उप-प्रमुख - सदस्य

सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सम्बन्धित वडा भित्र पर्ने नगर कार्यपालिकाका सदस्य - सदस्य

प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधि - सदस्य

सम्बन्धित शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

**वडास्तरीय अनुगमन समिति**

सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

सम्बन्धित वडा भित्र पर्ने नगरकार्यपालिकाका सदस्य - सदस्य

वडा सदस्यहरू - सदस्य

सम्बन्धित वडा हेर्ने डिभिजन बनको कर्मचारी - सदस्य

वडा सचिव - सदस्य सचिव

६. कर्मचारी समायोजन सम्बन्धमा

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कर्मचारी समायोजना शाखाको च.नं. २५ मिति २०७५/८/२४ को समायोजनको पत्र दिने सम्बन्धी ब्यहोराको पत्र कार्यपालिकाको बैठकमा प्रस्तुत भयो । उक्त पत्रका सम्बन्धमा कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा ४ मा साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार संचाल ऐन २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरूलाई अध्यादेश प्रारम्भ भएको मितिले १० दिन भित्र कार्यपालिकाबाट निर्णय गराई समायोजन पत्र प्रदान गर्ने भन्ने लेखिआएकोले सो सम्बन्धमा यस नगरपालिकामा स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका कर्मचारी नभएकोले समायोजन गरिरहनु नपर्ने निर्णय गरियो ।

७ खानेपानीका मोटर मर्मत सम्बन्धमा ।

तेस्रो नगर सभाबाट चालु आ.व.को रकम विनियोजन गर्दा वडा नं. १०, १२, १३ को लागि एकमुष्ठ रू १० लाख विनियोजन भएकोमा वडा नं. १२ बाट मोटरहरू मर्मत गरी रू ३,५०,३००।- भुक्तानीको लागि पेश भएकोमा उक्त रकमबाट तपशिलका वडाको लागि तपशिल बमोजिमको रकम विनियोजन गरी मोटर मर्मत गर्ने तथा भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

वडा नं. १२ रू ३५०३००।-

वडा नं. १० रू ३२४८५०

वडा नं. १३ रू ३२४८५०

८. सडकको डिपिआर सम्बन्धमा ।

शहरी विकास मन्त्रालयले स्तरोन्नती गर्ने भेडामारे सिमलपानी पावर सडक लाई वडा नं. १३ मा पर्ने ११ कि.मी. सडक खण्ड शिनपा वडा नं. १३ को वडा समितिको निर्णय अनुसार कन्सल्टेन्टको इन्जिनियरले सर्भे गरे बमोजिम डिपिआर तयार गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

९ अन्य निकायबाट निर्माणाधिन योजना सम्बन्धमा ।

यस शितगंगा नगरपालिका भित्र विभिन्न निकायबाट निर्माणाधिन योजनाहरूको गुणस्तरियता कायम गर्ने समेतका प्रयोजनको लागि उक्त योजनाहरूको ल.ई., ड्रईङ्ग डिजाईन तथा सम्झौता आवश्यक पर्ने भएकोले उक्त कार्यको लागि नगरपालिका क्षेत्र भित्र जुन जुन निकाय मार्फत योजनाहरू निर्माणाधिन अवस्थामा छन् सोही निकायमा माग गरी सो को अध्ययन तथा निर्माणाधिन क्षेत्रहरूको अनुगमन गरी गुणस्तरियता कायम गर्ने निर्णय गरियो ।

१०. मोटरेवल पुल निर्माण माग गर्ने सम्बन्धमा ।

यस नगरपालिका भित्र पर्ने प्रमुख सडकको रूपमा रहेको दुई जिल्ला जोड्ने बैरिया- विक्रम - पावरा- सिमलपानी- भेडामारे - चाक्ला- सिद्धारा- पाकुरी - धानखोला सडकको चाक्ला देखि सिद्धाराको हर्रे सम्मको खण्डमा भुकम्प प्राधिकरण मार्फत कालोपत्रे गर्ने कार्य भईरहेको त्यसै गरी धानखोला सामकोट सडक खण्डमा पनि प्राधिकरण मार्फत नै डिपिआर तयार भई रहेकोमा उक्त सडक खण्डमा पर्ने वाणगंगा र रनसिंग खोलामा मोटरेवल पुल नहुदा सडक स्तारोन्नती पश्चात समेत सवारीका साधनहरू आवत जावत गर्न कठिनाई हुने भएकोले वडा नं. १४ को बाणगंगा खोला र वडा नं. ९ को रनसिंग खोलामा भुकम्प प्राधिकरणबाट मोटरेवल पुल निर्माणको लागि जिल्ला समन्वय समितिको बैठक मार्फत सिफारिस गर्न अनुरोध गर्ने निर्णय गरियो ।

११. शितगंगा नगरपालिकाको पर्यटन गुरू योजना निर्माण सम्बन्धमा।

यस शितगंगा नगरपालिका नेपालकै सवै भन्दा ठूलो नगरपालिका भएको र नगरपालिका क्षेत्र भित्र विभिन्न धार्मिक, सास्कृतिक, पर्यटकीय महत्वका स्थलहरू रहेकोले उक्त धार्मिक, सास्कृतिक, पर्यटकीय महत्वका स्थलहरूको संरक्षण एवं प्रवर्धन गर्न नगरस्तरीय पर्यटन गुरूयोजना निर्माण गर्न पर्यटन वोर्ड नेपाललाई आवश्यक सहयोग गरिदिन जिल्ला समन्वय समिति मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

१२. डिजिटल नापी माग गर्ने सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाका वडा नं. २, ३, ४, ५ र १२ को वजर एरिया, सानादह र साहुटोला क्षेत्र तथा बाटो एरियाका जग्गाहरू डिजिटल नापी हुन आवश्यक भएको तर विशेष नापी निर्देशिकामा सदरमुकाम भनि उल्लेख भएकोले उक्त क्षेत्रलाई डिजिटल नाप नक्सा गराउने व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

१३. पूर्व निर्णय पुनः संसोधन सम्बन्धमा ।

सशर्त अनुदान कृषि तर्फ साना सिंचाई निर्माण/मर्मत संभार/प्लास्टीक पोखरी निर्माण/हिउ पोखरी भनि रू ८,१०,०००।- बजेट विनियोजन भएकोमा सो रकमबाट नगर कार्यपालिकाको मिति २०७५/६/२१ र मिति २०७५/७/१८ को निर्णयबाट गर्ने भनिएको कार्यलाई संसोधन गरी प्लास्टीक पोखरी निर्माण तथा साना सिंचाईको लागि पाईप खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

१४. गत आ.व.को वित्तिय समानीकरण अनुदान तर्फ बचत रकम बाडफाड सम्बन्धमा ।

यस नगरपालिकाको आ.व. ०७४/०७५ मा वित्तिय समानिकरण अनुदान तर्फ बचत रहेको कुल रकम रू ३८७२८२६१।- मध्ये तेस्रो नगरसभाबाट वचत अनुमान गरी विनियोजन भई सकेको रू १,५०,०००००।- घटाई बाँकी हुने रू २३७२८२६१।- बाट तत्काल गर्नु पर्ने तपशिलका योजनाहरू कार्यान्वनको लागि रकम विनियोजन गर्ने निर्णया गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रमका नाम | विनियोजित रकम |
|---|---|---|
| १ | धोदरे फुर्केसल्ली घुमौरे विद्युतिकरण | २७५००० |
| २ | वडा नं. ६ आपचौर फाँट बंसारी खोला कुलो (पाईप) | १००००० |
| ३ | वडा नं. ७ दमारबेशी सिंचाई कुलो बाध (पाईप र मर्मत) मर्मत | २५०००० |
| ४ | पशु विकास कार्यक्रम संचालन | ७००००० |
| ६ | कृषि विकास कार्यक्रम संचालन | ७००००० |
| ७ | वडा कार्यालय भवन निर्माण वडा नं. ६, ९, १०, १३, १४ समपुरक अनुदान माग गर्ने | ५०००००० |
| ८ | पशु र कृषि जन्य उत्पादन का आधारमा अनुदान कार्यक्रम को लागि | ५००००० |
| ९ | खानेपानी, सिंचाई र पर्यटन क्षेत्रमा म्याचिङ्ग | २७००००० |
| १० | पर्यटन गुरू योजना निर्माण | ११००००० |
| ११ | दोवाटा विद्युतिकरण | ५००००० |
| १२ | प्रहरी चौकी स्थापनामा विविध खर्च | ५०००० |
| १३ | गुड्रूङ्ग खोला रानीकुवाघाट पुल निर्माणको लागि वातावरणीय प्रभाव मुल्याङ्कन | १०००००० |
| १४ | स्वास्थ्य शाखा वार्षिक समिक्षा र खोप यातायात खच | २००००० |
| १५ | नगर उद्योग वाषिज्य संघ कार्यालय व्यवस्थापन | ५०००० |
| १६ | बाल विकास कार्यकर्ता थप रकम | १४००००० |
| १७ | ठाडाको दह क्षेत्रको सडकमा मिस्कट राख्ने कार्य | ७५००० |
| १८ | जिल्ला प्रहरी ट्रष्ट निर्माण सहयोग | १५०००० |
| १९ | ठाडा सबुज गण ब्यारेकमा शौचालय निर्माण | ३५०००० |
| २० | खमारी खानेपानी योजना वडा नं. ६ | १००००० |
| २१ | मुलावारी खानेपानी योजना म्याचिङ्ग वडा नं. २ | २००००० |
| २२ | दमार खानेपानी योजना वडा नं. १० | १००००० |
| २३ | हर्रे स्वास्थ्य क्लिनिक भवन वडा नं. १० | २००००० |
| २४ | सामकोट खानेपानी वडा नं. १० | १००००० |
| २५ | खन्नेपानी खेल मैदान वडा नं. ७ | १००००० |
| २६ | वडा नं. ७ मा खेलकुद कार्यक्रम | १००००० |
| २७ | शिवादह मा.वि.मा सरस्वती मन्दिर निर्माण शिनपा ६ | १००००० |
| २८ | बंसार मोटर बाटो मर्मत सुधार वडा नं. ६ | १००००० |
| २९ | खेल मैदान निर्माण वडा नं. ८ | १००००० |
| ३० | लाहापे विद्युत विस्तार वडा नं. ८ | १००००० |
| ३१ | वडा नं. ८ विशेष नापी घर भाडा भुक्तानी | १५०००० |
| ३२ | मन्द्रे बाउन्दी मोटर बाटो मर्मत सुधार | २००००० |
| ३४ | वडा नं. २ विद्युतिकरण कार्य | ३००००० |
| ३५ | थामकोट खानेपानी वडा नं. ४ | १००००० |
| ३६ | वर्वोट जैनीकोट (सोल्टी मार्ग) गैराखर्क मो.वा. वडा नं. ४ | ५०००० |
| ३७ | चित्रेटोला कमेरीखाय मोटर बाटो वडा नं. ४ | ५०००० |
| ३८ | खल्याखर्क मोटर बाटो मर्मत वडा न.. १२ | १००००० |
| ३९ | विद्यालय शैक्षिक सामाग्री ख़रिद वडा नं. १२ | १००००० |
| ४० | प्रभाकर मा.वि. कम्प्यूटर कक्ष निर्माण वडा नं. १३ र १४ | २००००० |
| ४१ | पावर मा.वि. कम्पाउण्ड वाल निर्माण वडा नं. १४ | १००००० |
| ४२ | साना किसान तथा कृषि पशु सहकारी क्षमता विकास कार्यक्रम वडा नं. १३ | १००००० |

| | | |
|---|---|---|
| ४३ | सितापुर कैलासे पद्मे मो.वा. वडा नं. ३ | ३५०००० |
| ४४ | न्वार खिब्दी मो.वा. वडा नं. ३ | १५०००० |
| ४५ | सानाढुन्ग्रे प्रतिक्षालय निर्माण वडा नं. ६ | १००००० |
| ४६ | विद्युतिकरण कार्य वडा नं. ५ | २००००० |
| ४७ | सुखोरा हडाहा मो.वा. | ३००००० |
| ४८ | नया बस्ती रागाकाटे मोटर बाटो मर्मत वडा नं. ९ | २००००० |
| ४९ | चावेनेटा सिमलदीप जनमुखी आ.वि खर्क मोटर बाटो वडा नं. ११ | १००००० |
| ५० | कात्तिके फल्दे मो.वा. वडा नं. ११ | १००००० |
| ५१ | अमराई कृषि उपज संकलन तथा विक्री केन्द्र म्याचिङ्ग | ५००००० |
| ५२ | सहिद स्मृती भवन अधुरो पुरा गर्न | ५००००० |
| ५३ | बोक्सेचौर रानकास कानाचौर दमारवेसी मोटर बाटो वडा नं. ६, ७, ९ | ४००००० |
| ५४ | चौपारी मिनचोक वाणगंगा मो.वा | ५०००० |
| ५५ | जुकेपानी मन्दिर | ५०००० |
| ५६ | जाली भर्ने कार्य अमराई | १००००० |
| ५७ | गल्दा धनचौर (खा.पा जाने) मो.वा. | २००००० |
| ५८ | टिक्करी सिंचाई योजना वडा नं. ११ | १००००० |
| ५९ | पावरा झोलुङ्गेपुल देउरालीघाट मो.वा. स्तरोन्नती | २००००० |
| ६० | धारा काहुले मो.वा. | १००००० |
| ६१ | नगर स्तरिय सडकहरू मर्मत सुधार | ४००००० |
| ६२ | मिति २०७५/८/५ को निर्णय अनुसार वडा नं. ९ लामिदमार जलेको जलेको स्वास्थ्य चौकी भवन | ३६०००० |
| ६३ | मिति २०७५/८/५ को निर्णय अनुसार वडा नं. १४ करेचुली विद्यालय | ५०००० |
| ६४ | मिति २०७५/८/५ को निर्णय अनुसार वडा नं. १३ मुसियान विद्यालय | ५०००० |
| ६५ | मिति २०७५/६/२१ को निर्णय अनुसार पश्चिम नेपाल ' ग्रा.खा.पा. म्याचिङ्ग | १३१८२६१ |
| | जम्मा | २३७२८२६१ |

१५. सडकको डिपिआर निर्माण सम्बन्धमा ।

यस शितगंगा नगरपालिका भित्र पर्ने प्रमुख सडक मध्येको चाक्ला वहखोर पाकुरी धानखोला सडकको चाक्ला हर्रे खण्ड पुनः निर्माण प्राधिकरण मार्फत कालोपत्रे भईरहेका र धानखोला पाकुरी खण्ड समेत पुनः निर्माण प्राधिकरणबाट डिपिआर तयार गर्ने कार्य भईरहेकोमा उक्त सडकको बाँकी रहेको पाकुरी हर्रे खण्डको समेत डिपिआर तयार गर्नु पर्ने भएकोले चालु आ.व.मा उक्त सडकको लागि नगरपालिकाबाट विनियोजन भएको रकम मध्येबाट खर्च गर्ने गरी सो खण्डको करिव २२ कि.मी.समेतको डिपिआर तयार गर्ने निर्णय गरियो ।